# नेपाल चिकित्सक संघ

# Nepal Medical Association

KTM, CDO Regd. No. 07/043/44

Founded: 20 Falgun 2007 (4th March 1951)

(Mutually affiliated with
Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**
**( 2016 - 2019 )**

**President:**
Dr. Mukti Ram Shrestha
**Immediate Past President:**
Dr. Anjani Kumar Jha
**Senior Vice President:**
Dr. Dhundi Raj Paudel
**Vice President:**
Dr. Mukunda Dahal
**General Secretary:**
Dr. Lochan Karki
**Treasurer:**
Dr. Rakshya Shrestha
**Joint Secretary:**
Dr. Abhimanyu Jha
**Joint Treasurer:**
Dr. Prakash Budhathoky

**Members:**
Dr. Anil Bikram Karki
Dr. Badri Rijal
Dr. Bishwa Raj Dawadi
Dr. Krishna Prasad Paudel
Dr. Sailesh Pradhan
Dr. Sanjeeb Tiwari
**Editor-in-Chief:**
Dr. Angel Magar


मिति: २०७५ भाद्र १८ गते

## प्रेश बिज्ञप्ती

नेपाल सरकारले यहि २०७५ साल भदौ १ गते देखि लागू गरेको मुलुकी अपराध (संहिता) ऐन २०७४ का सम्बन्धमा देशभरका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई अपराधीको शैलीमा व्यवहार गर्नेतर्फ लक्षित भएको हुनाले नेपाल चिकित्सक संघले मिति २०७५ भाद्र १७ गते सांकेतिक विरोध स्वरुप देशभर आकस्मिक सेवा बाहेकका अन्य स्वास्थ्य सेवाहरु बन्द गरेको एवं उक्त विवादास्पद ऐन संशोधन तथा खारेजीको माग गर्दै संघको तर्फबाट विभिन्न चरणबद्ध आन्दोलनका कार्यक्रमहरु घोषणा गरेको यहाँहरुलाई अवगत नै छ ।

यसै सन्दर्भमा मिति २०७५ भाद्र १८ गते माननीय स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्रीज्यूको समुपस्थितिमा नेपाल चिकित्सक संघका पदाधिकारी, नेपाल मेडिकल काउन्सिलका पदाधिकारी मन्त्रालयका श्रीमान निमित्त सचिवज्यू, स्वास्थ्य सेवा विभागका महानिर्देशकज्यू, तथा अन्य मन्त्रालयका पदाधिकारीसँग मुलुकी अपराध संहिता ऐन २०७४ का विवादास्पद दफाहरुको खारेजी तथा संशोधन र बिना धरौटी जेल चलानको प्रावधान थप गर्ने बिषयमा दिनभर भएको वार्ता र छलफलको निष्कर्षलाई नेपाल चिकित्सक संघले सकारात्मक रुपमा ग्रहण गरी मन्त्रालयबाट गरिएको निम्न लिखित प्रतिबद्धतालाई २०७५ भाद्र २५ गते सोमबार सम्ममा संसदमा संशोधन प्रस्ताव दर्ता गराउने अपेक्षा राखिएको व्यहोरा सबैमा जानकारी गराउन चाहान्छु ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट मुलुकी अपराध (संहिता) ऐन २०७४ का विवादास्पद बुँदाहरुका सम्बन्धमा निम्न लिखित ढाँचामा संशोधन प्रस्ताव संसदमा २०७५ साल भाद्र २५ गतेसम्म दर्ता गराउने लिखित प्रतिबद्धता जाहेर गरेको (उक्त समयावधिमा माननीय उप प्रधानमन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्री देश बाहिर रहनु भएकोले उहाँ स्वेदश फर्केपछि संसदमा उक्त संशोधन प्रस्ताव पेश गर्न मन्त्रालयलाई समय दिने सहमति गरिएको) हुनाले नेपाल चिकित्सक संघले दबाबमूलक कार्यक्रमहरु संचालन गर्दै २०७५ भाद्र २५ गते सम्म उल्लेखित संशोधन प्रस्ताव संसदमा दर्ता नगराएको खण्डमा २०७५ भाद्र २६ गते मंगलबार देखि संघका माग पुरा नहुनजेल सम्म देशैभरीका आकस्मिक सेवा बाहेकका अन्य स्वास्थ्य सेवा बन्द गरिने निर्णय भएको हुनाले सोही अनुरुप गर्नु गराउनु हुन संघका सम्पूर्ण शाखा कार्यालयहरु र देशभरका स्वास्थ्य संस्थाहरुलाई यसै विज्ञप्ती मार्फत जानकारी गराउँदछु ।

**तपसिलको संशोधन, खारेज र थप गरिएका प्रस्तावहरु**

| **दफा** | **हुनु पर्ने** | **कारण** |
|---|---|---|
| २३० को उपदफा २ | खारेज गर्ने | चिकित्सक तथा स्वास्थ्यकर्मीको पहुँच गाउँ गाउँ सम्म पुगिसकेको परिप्रेक्ष्यमा बिना शैक्षिक योग्यता तथा बिना दर्ता उपचारमा संलग्न भएमा |


Phone No. +977-1-4225860, 4231825 , Fax No. +977-1-4225300, Email: info@nma.org.np, Web: www.nma.org.np

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

KTM, CDO Regd. No. 07/043/44

Founded: 20 Falgun 2007 (4th March 1951)

(Mutually affiliated with Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

**CENTRAL OFFICE:**
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE ( 2016 - 2019 )**

**President:** Dr. Mukti Ram Shrestha
**Immediate Past President:** Dr. Anjani Kumar Jha
**Senior Vice President:** Dr. Dhundi Raj Paudel
**Vice President:** Dr. Mukunda Dahal
**General Secretary:** Dr. Lochan Karki
**Treasurer:** Dr. Rakshya Shrestha
**Joint Secretary:** Dr. Abhimanyu Jha
**Joint Treasurer:** Dr. Prakash Budhathoky

**Members:**
Dr. Anil Bikram Karki
Dr. Badri Rijal
Dr. Bishwa Raj Dawadi
Dr. Krishna Prasad Paudel
Dr. Sailesh Pradhan
Dr. Sanjeeb Tiwari
**Editor-in-Chief:** Dr. Angel Magar


| | | |
|---|---|---|
| | | विरामीको ज्यान जोखिममा पर्न सक्ने । |
| २३३ उपदफा ३ पछि उपदफा (३ क) थप गर्ने | (३क) उपदफा (१) (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्राकृतिक विपद, सडक दुर्घटना वा महामारी जस्तो बिशेष परिस्थितिमा विरामीको ज्यान जोगाउनको लागि सम्बन्धितलाई जानकारी बेगर उपचार गर्न बाधा पर्ने छैन । | उल्लेखित बिशेष परिस्थितिमा सम्बन्धित बिरामीको हकवाला वा संरक्षक उपस्थित पूर्ण रुपमा सम्भव नहुने । |
| नयाँ दफा थप हुनुपर्ने | दफा २३९ पछि देहाय बमोजिमको दफा २३९क र २३९ख थप हुनुपर्ने ।<br><br>२३९क यस परिच्छेदको विभिन्न प्रकरणमा उल्लेखित सजाय गर्नु अघि सम्बन्धित काउन्सिलको छानबिन प्रतिवेदनका आधारमा मात्र गर्नु पर्नेछ । | चिकित्सक तथा स्वास्थ्यकर्मीलाई सजाय गर्नु अघि सम्बन्धित बिषय विज्ञको राय, परामर्श आवश्यक पर्ने भएकोले । |
| नयाँ दफा थप हुनुपर्ने | **२३९ख गालीगलोज, हातपात, कुटपिट, तोडफोड र आगजनी गर्न नहुने** (१) कर्तव्यपालनमा रहको स्वास्थ्यकर्मी उपर कसैले गालीगलोज, हातपात वा कुटपिट गर्न नहुने ।<br>(२)कुनै पनि स्वास्थ्यसंस्थामा तोडफोड, आगजनी तथा हुलदंगा गर्न नहुने ।<br>(३) उपदफा (१) र (२) **विपरित कसूर गर्ने गराउने व्यक्तिलाई बिना धरौटी थुनामा राखी कुटपिट वा अङ्गभङ्ग सम्बन्धी परिच्छेदमा उल्लेखित सजाय हुनेछ ।** | स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा तथा उपचाररत सेवाग्राहीको सेवा सुनिश्चित गर्नका लागि |
| दफा २४० उपदफा (१) | उपदफा (१) मा रहेको “जहिलेसुकै पनि उजुर लाग्नेछ” भन्ने शब्दको सट्टा “ज्यान मरेको मितिले ६ महिना नाघेपछि उजुरी लाग्ने छैन” भन्ने शब्द हुनु पर्ने । | उजुरी गर्ने हदम्याद निश्चित हुनुपर्ने । |

[signature]

डा. लोचन कार्की
महासचिव